नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# निवृत्तभरण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

प्राप्त पत्र संख्याः
पत्र संख्याः ०८३/८४
च.नं.:

मितिः२०८३।०५।१६
ने.स.११४६ गुँलागा चतुर्थी/पञ्चमी मंगलबार

**विषयः बोलपत्र पेश गर्ने तथा खोलिने सम्बन्धी अत्यन्त जरुरी सूचना**

सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO), केसरमहलको मिति २०८३/०५/११ मा प्रकासित सूचना (प.सं. सू.प्र.-०८३/८४, च.नं. MIT/१८२) अनुसार हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेकोले प्रणालीको मर्मतसम्भार तथा सुधार कार्यका लागि प्रणाली स्थगन गरिएको व्यहोरा अवगत नै छ। सोही सूचनाको तपसिल (२) बमोजिमको व्यवस्थालाई ध्यानमा राखी यस कार्यालयबाट मिति २०८३/०५/०५ मा e-GP System मार्फत २१ (एक्काइस) दिने बोलपत्रको सूचना प्रकाशन गरिएको IFB No. PMO/PMP/०२/२०८३/८४ को बोलपत्रको प्रक्रिया अगाडि बढाउनुपर्ने भएकोले सम्बन्धित बोलपत्रदाताहरूका लागि यो सूचना जारी गरिएको छ। इच्छुक योग्य बोलपत्रदाताहरूले यस कार्यालयबाट मिति २०८३/०५/२५ गते साँझ ५:०० बजेसम्ममा बोलपत्र दस्तुर रु. ३,०००/- (तीन हजार मात्र) भुक्तानी गरी बोलपत्र खरिद गरी पूर्ण रूपमा भरिएको बोलपत्रको हार्डकपी (Hardcopy) मार्फत नै मिति २०८३/०५/२६ गते बिहान १२:०० बजेभित्र यस कार्यालयमा पेश गर्नुहुन र सोही दिन दिउँसो २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको उपस्थितिमा (उपस्थित नरहे पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन) यसै कार्यालयमा बोलपत्र खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोलपत्र सम्बन्धी संक्षिप्त विवरणः**

**बोलपत्र आह्वान सूचना नं.: IFB No. PMO/PMP/०२/२०८३/८४**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०५/०५ (e-GP मार्फत)**
**बोलपत्र दस्तुरः रु. ३,०००/- (तीन हजार मात्र)**
**बोलपत्र जमानत रकमः रु.१,१९,०००/-(एक लाख उन्नाईस हजार मात्र)**
**बोलपत्र जमानत मान्य अवधीः २०८३/०९/२५ (9th Jan 2027)] सम्म**
**बोलपत्र पेश गर्ने माध्यमः हार्डकपी (Hardcopy) मार्फत**
**बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः मिति २०८३/०५/२५ गते साँझ ५:०० बजेसम्म**
**बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः मिति २०८३/०५/२६ गते बिहान १२:०० बजेसम्म**
**बोलपत्र खोलिने मिति र समयः मिति २०८३/०५/२६ गते दिउँसो २:०० बजे**
**बोलपत्र पेश गर्ने तथा खोल्ने स्थानः निवृत्तभरण व्यवस्थापन कार्यालय त्रिपुरेश्वर**

द्रष्टव्यः सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्णय अनुसार ई-जीपी प्रणाली स्थगन भएकाले e-GP मार्फत नभई हार्डकपी माध्यमबाट मात्र बोलपत्र स्वीकार गरिनेछ। अन्य शर्तहरू पूर्व प्रकाशित सूचना बमोजिम नै रहनेछन्।

Phone No: 01-5364581, 01-5342285, Email: info@pension.gov.np
Website:www.pension.fcgo.gov.np